जि.प्र.का.सिरहा द.नं. ८७–०७०/७१

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाइँलाई उचित स्थान दिने छु । साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला ।

**मार्गानुगामी दैनिकको कार्यालय**
गोलबजार नगरपालिका–६, सिरहा
फोन नं.:–०३३–५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१६०२००१
इमेल : marganugamidaily@gmail.com

बर्षः ०५, अंकः ८२ पृष्ठः४ | २०७५ असार २४ गते आइतबार (Sunday 08 Jul. 2018) | मूल्य रु. ५।– | इमेल : marganugamidaily@gmail.com

## नेपाली मुलका विहारीको कथा : यो मन त मेरो नेपाली हो

**मिथिलेश यादव**

खुटौना (बिहार), २३ असार । बिहार राज्यको मधुवनी जिल्ला अन्तर्गत खुटौना सहर प्रवेशद्वारमै सडकको दुबैतर्फ(पूर्व–पश्चिम) हरियो रंगको वोर्डमा सेतो अक्षरले लेखिएको छ– पहाडी टोला । भारतीय सहरमा पहाडी टोला लेखिएको यो बोर्डले यहाँ पुग्ने जोकोहीलाई कौतुहल बनाउँछ।






खुटौना–१५, पहाडी टोला लेखिएको बोर्डको पूर्वपट्टी ४५ घर परिवार नेपालीभाषीको ठूलै बस्ती छ। उनीहरु सवै मंगोल समुदायका नेपाली हुन् । करिब अढाई सय वर्षदेखि उनीहरु यही ठाउँमा बस्दै आएको बताउँछन् । आफूहरु बसेको ठाउँ पहिला जंगल रहेको उनीहरु बताउँछन्। जंगल फाँडेर पुर्खाहरुले बासस्थान बनाए । जमिन बनाएर छाप्रो हाले। छाप्रो हालेको घरको डिहि बाहेक उनीहरुसँग नम्बरी जमिन छैन।

खुटौनाका स्थानीय ब्यापारी रामबाबु साह भन्छन,पहाडी टोलाका नेपालीहरुको तीन पुस्ताबढी समय देखि यहाँ बस्दै आएको हामीलाई जानकारी छ। यहाँ बस्ती बसाल्ने पहाडीहरु नै भएकोले यो बस्तीको नाम पहाडी टोला राखिएको स्थानीय दिपक गुरुङले भने। हामी त नेपाली नै हौं उनले भने,अंग्रेजहरुले त्यो बेला धकेलेर सीमा लौकाहासम्म पुर्याउँदा हामी भारतीय नागरिक हुन पुग्यौ। पहिला नेपाली सीमा मंगेरसम्मै थियो। उनले भने,हामी ज्यूँ का त्यूँ छौं, सीमा धकेलिएर हाम्रो नागरिक पहिचान बदलिएको हो।

यहाँको रैथाने बासीन्दा हामी नै हौं दिपक भन्छन्,पछि बजार विस्तार हुँदै जादा बस्ती विस्तार हुँदै गयो। यहाँका रैथाने पहाडी भएकोले बस्तीको नाम नै पहाडी टोला राखिएको उनले बताए । उनीहरुको थर राई, गुरुङ, मगर, भएपनि लवज, भाषा, पहिरन, रहनसहन पहाडी जस्तो छैन । यो बस्तीका नयाँ पुस्ता त नेपाली भाषा बोल्ने परको कुरा बुझ्दापनि बुझ्दैनन् । हिन्दी र स्थानीय भाषा बोल्ने नेपाली भाषा बोल्ने अभ्यास नहुँदा विर्सीएको बताउँछन्। उनीहरुको मुख्य पेशा भने बाँसको सामाग्री नाङ्लो बनाउनु हो।

## अवैध मदिरा बिक्री भएपछि सिलबन्दी

गोलबजार, २३ असार। गैरकानूनी रुपमा मदिराको बिक्री वितरण गरिरहेको भन्दै आन्तरिक राजश्व कार्यालय लहान र प्रहरीको टोलीले सिरहाको गोलबजार– ६ स्थित परमेश्वर नायकको घरको एउटा कोठा सिलबन्दी गरेको छ।

गैरकानूनी रुपमा मदिराको बिक्री वितरण गरिरहेको गोप्य सूचनाको आधारमा आन्तरिक राजश्व कार्यालय लहान र इलाका प्रहरी कार्यालय गोलबजारबाट खटिएको टोलीले नायकको घर खानतलासी गर्दा गोल्डेन ओके लेखिएको १८० मिलिको ४८ बोतल र अवैध मदिरा राख्नको लागि प्रयोग हुने खाली बोतलको १४ बोरा बरामद गरेको हो।

ती परिमाणमा अवैध मदिरा र बोतल बरामद भएपछि केही मदिरा आवश्यक कार्बाहीका लागि आन्तरिक राजश्व कार्यालय लहानमा लगिएको र बाँकी अन्य मदिरा थप अनुसन्धानको लागि नायकको घरको एउटा कोठामा राखेर जनप्रतिनिधिको रोहवरमा सिलबन्दी गरिएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

यस्तै प्रहरी टोलीले सिरहाको विभिन्न स्थानबाट चार हजार ९२६ लिटर अवैध मदिरा र एक हजार ९३६ लिटर कच्चपदार्थ तथा मदिरा बनाउने ६८ थान भाँडा बरामद गरी नष्ट गरिएको प्रहरीले जनाएको छ।

## पहाडको आलु तराईमा लोकप्रिय

वीरगञ्ज, २३ असार । खानामा स्वादिलो तथा मिठो हुने भएकाले पहाडको आलु तराईमा लोकप्रिय हुँदै गएपछि यसको माग पनि ह्वातै बढ्को छ।

आलुको मुख्य भण्डारको रुपमा रहेका वीरगञ्जस्थित मीना बजारमा अहिले पहाडको पालुङबाट दैनिक १५ लाख मूल्य बराबरका पाँच टन आलु आउने गरेको जनाएको छ। भारतीय आलु भन्दा पालुङको नयाँ आलु खानामा स्वादिलो तथा मिठो हुने भएकाले वीरगञ्जमा यसको माग बढ्दै गएको मीना बजारस्थित आलुका थोकव्यापारी चन्द्रिका प्रसाद रौनियारले बताए।

यहाँ करीब १५ जना थोक व्यापारी छन्। तिनीहरु पालुङका आलु बेच्ने गरेका छन्। त्यति मात्र नभएर भारतीय बजारमा पनि पहाडको आलुका माग बढ्दै गएपछि यतिखेर सीमावर्ती भारतीय बजार रक्सौलका व्यापारीले टागामा लोड गरेर दैनिक एक टन आलु लाने गरेका छन् । अहिले पालुङको आलु स्थानीय बजारमा प्रतिकिलो रु ४० मा बिक्री भइरहेको छ।

## दुई बालकको डुबेर मृत्यु

हेटौँडा, २३ असार। मकवानपुर जिल्लाको इन्द्रसरोवर गाउँपालिका–१ कुलेखानीस्थित इन्द्रसरोवर तालमा शुक्रबार साँझ पौडी खेल्ने क्रममा दुई बालकको डुबेर मृत्यु भएको छ।

मृत्यु हुनेमा इन्द्रसरोवर–१ बस्ने पुष्करबहादुर थिङका१२ वर्षीय छोरा समीर र थाहा नगरपालिका–९ बस्ने विश्वरूप आलेका आठ वर्षीय छोरा चन्द्रबहादुर रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ। शव परीक्षणका लागि हेटौँडा अस्पताल ल्याइँदै गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।




एस.एस. अटो सेन्टर, लहान, फोन नं. ०३३-५६०५३२, ५६२०५३ मो.नं. ९८०१५४२६००, ९८०१५४२६०२, ९८०१५४२६०३
(एस.एस.अटो सेन्टर, ब्राञ्च कटारी, मो.नं. ९८०१५४२६०४)

# सम्पादकीय

## जिम्मेवारविहीन पद्धति

परीक्षा नियन्त्रण कार्यालयले उपयुक्त तयारी, शिक्षण तथा मूल्याङ्गन पद्धतिमा सुधार, शिक्षक तालीम लगायतमा ध्यान नदिई माध्यमिक शिक्षा परीक्षा (एसईई) मा लागू गरेको ग्रेडिङ प्रणालीको नतिजा वर्षेनि खःकँदो छ। २०७३ को एसईईमा सहभागी ४ लाख ६२ हजार १३६ विद्यार्थीमध्ये ग्रेड प्वाइन्ट एभरेज (जीपीए) २ भन्दा कम ल्याउनेको संख्या १ लाख ८ हजार ४३४ (२३ प्रतिशत) थियो।

२०७४ मा सहभागी ४ लाख ५१ हजार ५३२ मध्ये २ भन्दा कम जीपीए ल्याउने विद्यार्थीको संख्या बढेर १ लाख ९५ हजार ३१५ (४३ प्रतिशत) पुगेको छ। यसले नीतिगत परिवर्तनबाट मात्र उपलब्धि हासिल नहुने ःपष्ट संकेत देखाएको छ। राष्ट्रिय परीक्षा बोर्डले एसईईको नतिजा मूल्यांकन नै नगरी गत वर्षदेखि कक्षा ११ मा समेत ग्रेडिङ प्रणाली लागू गरेको छ। अब माथिल्लो कक्षामा पनि एसईईकै नतिजा दोहोरिने जानकारहरू बताउँछन्।

शिक्षा मन्त्रालयले ११ कक्षा पढ्न २ जीपीए ल्याउनैपर्ने व्यवःथा २ असार २०७३ मा गरेको थियो। तर, त्यसको १३ दिनपछि १५ असारमा १.६० जीपीए ल्याए पुग्ने निर्णय गरियो। ग्रेडिङ प्रणालीमा गएसँगै उत्तीर्ण र अनुत्तीर्णको अवधारणा पनि हट्यो। निर्णयकर्ताहरूले यसलाई सफलता माने भने विद्यार्थीले नपढे पनि पास भइन्छ भन्ने अर्थमा बुझे। यही कारण अहिले ग्रेडिङ प्रणाली संकटमा परेको शिक्षा क्षेत्रका जानकारहरू बताउँछन्। शिक्षाविद् वाग्ले भन्छन्, एसईईमा जीपीए २ नल्याए ११ कक्षामा भर्ना हुन पाइन्न भन्ने भएको भए विद्यार्थी, शिक्षक, अभिभावक सबैले मिहिनेत गर्थे। कक्षा ११ पढ्न न्यूनतम २ जीपीए ल्याउनै पर्ने र सरकारले ल्याउने नीतिमा ःथिरता हुनुपर्ने उनको भनाइ छ।

शिक्षाविद् कोइराला कुनै निश्चित निकायलाई जिम्मेवार नबनाई पुरानै भौतिक पूर्वाधार, संरचना, शैक्षिक सामग्री र शिक्षण पद्धतिभित्र ग्रेडिङ थपिंदा नतिजा खःकेको बताउँछन्। उनका अनुसार ग्रेडिङ प्रणाली भएका अमेरिका, नर्वे, फिनल्याण्ड, डेनमार्क, न्युजिल्याण्ड लगायतका देशमा शिक्षकलाई जिम्मेवार बनाइएको छ। बेलायतमा विद्यार्थी उत्तीर्ण वा अनुत्तीर्ण हुनेदेखि नीतिगत परिवर्तन र त्यसको जसरअपजसको जिम्मेवारी शिक्षा क्षेत्रका कर्मचारीले लिएका छन्। कोइराला भन्छन्, हाम्रो परीक्षा नियन्त्रण कार्यालयले ग्रेडिङ प्रणाली लागू ग्यो तर, त्यसको सफलतारअसफलताको जिम्मेवारी लिएन, त्यसैले समःया देखिन थालेको हो।

# छ वर्षपछि त्रिवि रामपुर क्याम्पसको पढाई शुरु

चितवन, २३ असार। त्रिभुवन विश्वविद्यालयले छ वर्षपछि रामपुर क्याम्पसमा पुनः पढाई शुरु गरेको छ।

पश्चिम चितवनको रामपुरमा रहेको जग्गा र संरचना कृषि तथा वन विज्ञान विश्वविद्यालय (एएफयु) लाई दिने निर्णय सरकारले गरेसँगै रामपुरमा त्रिविको पढाई रोकिएको थियो।

त्रिवि र एएफयुबीचको विवादका कारण बन्द भएको रामपुर क्याम्पस आज औपचारिकरुपमा पूर्वी चितवनको खैरहनी मावि परिसरमा शुरु गरिएको हो।

त्रिविको कृषि क्याम्पसको शुरुवात गर्दै त्रिभुवन विश्व बिद्यालयका उपकुलपति प्रा डा तीर्थराज खनियाँले सबैको पहलबाट चितवनमा पुनः त्रिविले कृषि संकायको पठनपाठन गर्न पाएकोमा खुशी व्यक्त गरे।

सरकारले त्रिविलाई चैनपुरको भूतियास्थित कंकाली सामुदायिक वनमा जग्गा दिने प्रक्रिया अघि बढेकाले जिल्लामा नै त्रिविको उत्कृष्ट कृषि क्याम्पस स्थापना हुने बताए। उनले रामपुरमा त्रिविले पाउने ४० बिघा जग्गामा नमुना इन्जिनियरिङ क्याम्पस खोलिने बताए।

त्रिविका कृषि संकायका डिन प्रा डा केशव अधिकारी ले छ वर्षपछि पुनः चितवनमा कृषि पढाई गर्न पाएकोमा खुशी व्यक्त गरे। त्रिविले २०६९ सालदेखि रामपुर क्याम्पसमा भर्ना लिन नपाएको भन्दै उनले अब भने विद्यार्थीको कृषि पढ्ने चाहनामा केही हदसम्म सहयोग पुग्ने बताए।

# सरकारलाई चौतारो, डा. केसी र गंगामायालाई शूली ?


जीवन क्षेत्री

असार १९ गते पत्रकार सम्मेलनमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीले बोलेका कुरा एकचोटि पढें र दुईचोटि भिडियो हेरें। वर्षौंपछि मलाई त्यति प्रभावित पारेको पहिलो अभिव्यक्ति थियो त्यो। तर मुख्य कुराचाहिँ कार्कीका शब्दले मलाई ग्लानिबोध गराए।

धेरै साथीहरूसहित म पनि धेरै वर्षदेखि ःवाःथ्य क्षेत्र र चिकित्सा शिक्षा सुधारको अभियानमा छु। तर कहिलेकाहीं के हुन्छ भने जंगलभित्र हुनेले रुख मात्रै देख्छ भने जंगलबाहिरबाट हेर्नेले सिंगो जंगल देख्छ। एक हिसाबले कार्कीको अभिव्यक्ति नेपालको ःवाःथ्य र चिकित्सा शिक्षाको क्षेत्रको समग्र चित्र प्रःतुत गर्ने ऐतिहासिक दःतावेज थियो। त्यो सुनेपछि लाग्यो, हामीचाहिं यी क्षेत्रभित्रका एकएक समःया र चुनौतीसित जुध्दाजुध्दा यिनको समग्र चित्र नै बिर्सन थालिसकेका थियौं।

जःतो कि, अहिले सुधार अभियानमा मुख्य बहसको विषय चिकित्सा शिक्षाको गुणःतर कसरी कायम गर्ने, त्यसका लागि राजनीतिक भागवण्डाले थिलोथिलो परेका नियामक निकायलाई कसरी ब्युँझाउने र अहिले भइरहेको अरबौंको कालोबजारी र कमजोर विद्यार्थी खोजेर पढाउने धन्दा कसरी रोक्ने भन्ने छ। तर कार्कीले त्यसभन्दा पनि आधारभुत तहमा गएर प्रश्न सोधिन–५० लाख लिएर पढाउने, डिग्री लिइसकेपछि २० हजारको जागिर पनि नदिने, यःतो पनि पढाइ हुन्छ?

मानौं कि भोलि गएर नेपालमा मेडिकल शिक्षाको गुणःतर दुरुःत भएर योग्य डाक्टर निःके। तर तिनले ५० लाख –अवैध रूपमा लेनदेन गरिएको थप रकम छाड्ने हो भने) खर्च गरेर पढेपछि महिनामा २० वा २५ हजार तलब खाएर कसरी सेवा दिन सक्छन्? अथवा ःवाःथ्य संःथाको अहिलेकै हालत रहने हो भने तिनले काम पो कहाँ पाउँछन? कतै गुणःतरीय भनेर खोटो डिग्रीको पो व्यापार त भइरहेको छैन? कार्कीलाई सुनेपछि यो प्रश्नले मेरो मथिंगल खल्बलाइरह्यो।

घरजग्गा र सुन बेचेर, वर्षौंसम्म नयाँ कपडा नहालेर, छाक काटेर छोराछोरीलाई डाक्टर बनाउने बाबुआमाको हालत के होला जब डिग्री लिइसकेका सन्तानलाई महिनौं तलबै नदिई काम गर्न वा बेरोजगार बःन बाध्य पारिन्छ? अहिले धमाधम नयाँ निजी मेडिकल कलेज खोल्न हतार परेको सरकारलाई केसम्म हिसाब गर्ने फुर्सद छैन भने अहिले देशमा वर्षेनी थपिने (नेपाल भित्र र बाहिर एमबिबिएस र बिडिएस पढेका) चानचुन २५ सय चिकित्सकको संख्यालाई देशका जिल्लाको संख्याले भाग गर्ने हो भने प्रतिजिल्ला ३२ चिकित्सक पुग्छन्। त्यो भनेको पाँच वर्षका उत्पादनले प्रति जिल्ला १६० चिकित्सक पुग्नु हो। त्यो संख्यालाई पुग्ने अःपताल कहाँ कसरी खुल्ने हुन्? पत्तो छैन तर सरकार खुल्न लागेका मेडिकल कलेजको दुःख देखाएर वर्षेनी प्रतिजिल्ला ५० चिकित्सक उत्पादन हुने गरी चिकित्सा शिक्षा ऐन ल्याउन तयार छ।

सरकारलाई अहिले माथेमा कार्यदलको प्रतिवेदन अर्घेलो लाग्न थालेको छ तर विज्ञहरूले महिनौं लगाएर बनाएको त्यो प्रतिवेदनमा चिकित्सा क्षेत्रमा आवश्यक र उपलब्ध जनशक्ति बारे प्रःट हिसाब गरिएको छ। प्रतिवेदनका अनुसार सन् २०३१ वा अहिलेको १३ वर्षपछि नेपालमा विश्व ःवाःथ्य संगठनको सिफारिशअनुसार ३५ हजार चिकित्सक आवश्यक हुनेछन्। अहिलेकै दरको उत्पादन रहने हो भने त्यो बेला विदेश पलायन हुने वा अन्य कारणले सेवाबाट विःथापित हुने संख्या छाडेर पनि नेपालमा झण्डै ५५ हजार चिकित्सक उपलब्ध हुनेछन्।

अर्थात् सरकारले देशभर ःवाःथ्य संःथाहरुको विकेन्द्रीकरण गरेर दार्चुलादेखि ताप्लेजुङसम्म बराबर चिकित्सक खटिने अवःथा ल्यायो भने पनि आवश्यकताभन्दा २० हजार बढी चिकित्सक हुनेछन्। अहिले झैं काठमाडौं र त्यस वरपर मात्रै ठूला अःपताल हुने हो भने त बेरोजगार डाक्टरको संख्या ३० हजारभन्दा बढी हुनेछ। तिनले ट्याक्सी चलाउने या च्याउ खेती गर्ने वा अरु केही गर्ने? ती काम गर्नका लागि तिनको पचासौं लाख धन र दशौं वर्षको समय किन नष्ट गरिदिने?

सुशीला कार्कीका कुरा सुनेपछि लाग्यो अब निजी मेडिकल कलेज खोल्न नहुने बरु थोरै खर्चमा डाक्टर बनाएर दुरदराजसम्म पुर्याउन सक्ने सरकारी मेडिकल कलेज मात्रै खोल्नु पर्ने डा केसीको अडान अतिवादी वा अव्यवहारिक हैन त्यसको ठ्याक्कै उल्टो पो हो। त्यो अडानले बजारमाथि अनावश्यक हःतक्षेप गर्ने नभई डाक्टरी लाइसेन्स लिएका ट्याक्सी चालक हुने विकृत अवःथा रोक्ने पो हो। देशमा यसरी बर्सेनी दशौं अरबको ठगी रोक भनेर सत्याग्रहमा बःने डा केसीलाई उपचार गरेर बचाउनुभन्दा बरु अःपताललाई नै निषेधित क्षेत्र गरेर छिटो मर्न दिनु अहिलेको सरकारलाई ठिक लागिराखेको छ। शायद यही अवःथा जनाउन भनिएको होः चोरलाई चौतारो साधुलाई शूली।

सुशीला कार्कीले हामी सबैलाई लज्जित पारिदिएको अर्को विषय गंगामायाको न्यायको लडाइँ हो। माओवादी युद्धताका भएका ज्यादतीबारे उचित छानविन र न्याय बृहत् शान्ति प्रक्रिया र संक्रमणकालीन न्याय व्यवःथाबाट हुने भनेर हामी चैनले सुत्यौं। जवाफदेहिता खोज्नेहरूलाई शान्ति भाँड्नेदेखि डलरको खेती गर्ने भनेर धब्बा लगाइदियौं। तर मुक्तिनाथ अधिकारीलाई रुखमा बाँधेर गोली हान्नेदेखि कृष्णप्रसाद अधिकारीलाई अपहरण गरेर हत्या गर्नेहरु छाती फुकाएर नीति निर्माण गर्ने तहमा पुगे र शुरुमा आफ्नो उन्मुक्तिको बाटो खोले। उज्जन श्रेष्ठलाई रिसइबी साँध्न मार्नेहरू विधिको शासनलाई नै हाँक दिंदै उन्मुक्त भए। उता दोरम्बादेखि भैरवनाथ गणसम्म युद्ध अपराध गर्नेहरु उन्मुक्त मात्रै नभई पुरःकृत भए।

दुवै पीडक पक्षलाई लाग्यो, एउटाको उन्मुक्तिले अर्कोको उन्मुक्तिको औचित्य पुष्टि गर्यो। देशमा शान्ति आयो, अर्को युद्ध नहुने भयो, बहुसंख्यक मानिस यसैमा खुशी भए। यसैबीच दुवै पक्षका पीडकहरु दण्डहीनता कायम गर्नमा एक भएर लागे। तर मुक्तिनाथ, उज्जन र कृष्णप्रसादका आफन्तहरुको घाउमा दोरम्बा वा भैरवनाथ गणका बधकारी मानिसहरुले पनि उन्मुक्ति पाए रे भन्ने समाचारले नुनचुक छ्यो मात्रै। संसारमा कतै छोरा मारिएकी आमालाई अर्की आमाको छोरा पनि मारियो रे भन्ने समाचारले सान्त्वना दिएको छ? कतै आफ्नो छोरालाई मार्नेहरु उन्मुक्त भएर हिंडेको देख्दा मरेतुल्य भएको बाबुलाई अरुको छोरा मार्नेहरु पनि उन्मुक्त भएर हिंडेका छन् भन्ने समाचारले राहत दिएको छ?

तिनै पीडित नागरिकहरु न्यायका लागि अदम्य साहसका साथ लडिरहे तर हामी बहुसंख्यक मानिसहरु रमिते भएर हेरिरह्यौं। मानवीय संवेदना किनारा लाग्यो। नेताका परिवार रुघाखोकीको उपचारलाई सिंगापुर जान चाहे हामीले गाँस काटेर उठाएको करबाट करोडौं तिरेर पठायौं, तिनका छोरा कालगतिले मर्दा तुरुक्क आँशु झार्यौं तर न्यायका लागि अनेक ठक्कर खाँदै लडिरहेका नागरिकले कहिले न्याय पाउँछन् भनेर सोधेनौं। हामीलाई हाम्रो शान्ति र विकास नै प्यारो भयो, छिमेकीको न्यायको लडाइँ चाहिं अर्घेलो भयो।

वर्ष बिते। दशक बिते। चुनाव आयो। मताधिकारको नाममा बुथमा गएर तिनै पीडकहरुलाई भोट हाल्यौं। त्यसपछि जे हुनु पर्थ्यो, अहिले त्यही भइरहेछ। गंगामायाका सास कहिले जाला र चैनको सास फेर्न सकिएला भनेर पीडकहरु सिनो कुरोको ब्वाँसोको मुद्रामा बसिरहेका छन्। र उन्मादी मुद्रामा न्याय र विधिको शासनलाई गिज्याइरहेछन्। हामी किनाराको रमिते बनेर हेरिरहेछौं।

दुई तिहाइ बहुमतको यो रामराज्यमा निहत्था नागरिकका पक्षमा बोल्ने अब हामी आफैंबाहेक अरु कोही रहेन। त्यसैले सकिन्छ भने आउनोः, मुक्तिनाथ अधिकारी, कृष्णप्रसाद अधिकारी र उज्जन श्रेष्ठका आफन्तहरुको न्यायको लडाइँमा हाम्रा केही आवाजहरु पनि मिसाएर लडौं। नत्र कम्तीमा लज्जा र ग्लानिभावमा शिर लत्राएर त हिंडौं, अब पनि पीडकहरुको क्रीडामा रमिते बन्यौं भने मानवता भन्ने शब्दले आफैं लाज मान्नेछ। सेतोपाटीबाट सभार

# जापानीले रोपे चाँगुनारायणमा १७ हजार बिरुवा

काठमाडौँ, २३ असार। चाँगुनारायणमा चाँपको जंगल बनाउन चाहने जापानी नागरिकको एक समूहले पाँच वर्षमा १७ हजार बिरुवा रोपेको छ।

जापानको योकोहामा सिटी विश्वविद्यालय, यामादा माहुरी फार्म र चाँगुनारायण सामुदायिक वन उपभोक्ता समूहको संयुक्त आयोजनामा मियावाकी विधिबाट आज चाँगुनारायण मन्दिर नजिकको सामुदायिक वनमा तीन हजार बिरुवा रोपेको हो। सन् २०१४ देखि जापानी समूहले यहाँ बिरुवा रोप्दै आएको छ।

साना बिरुवा रोपेर परालले छोपी पानी हाल्ने व्यवस्था मिलाउने विधिलाई मियावाकी भनिन्छ। जापानको यामादा माहुरी फार्मले नेपालमा २० वर्षअघिदेखि यो तरीकाले बिरुवा रोप्दै आएको छ। सन् १९९९ मा काभ्रेपलाञ्चोकबाट यो विधिले बिरुवा रोप्न शुरु भएको हो। यो विधिबाट बिरुवा रोप्दा बाढी, पहिरो लगायतका विपद्को जोखिम न्यूनीकरण हुने जनाइएको छ।

वृक्षरोपण कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै प्रदेशसभा सदस्य नरोत्तम वैद्य, नेपालका लागि जापानी राजदूत साइगो मासामिची, भक्तपुरका जिल्ला वन अधिकृत फणीन्द्र पौडेल, जापानमा कार्यरत नेपाली कानून व्यवसायी डा बलराम श्रेष्ठ, योकोहामा सिटी विश्व विद्यालयकी प्रा डा फुजिवारा, यामादा माहुरी फार्मका प्रतिनिधि आकाहोसी लगायतले बिरुवा हुर्काउन मियावाकी विधि प्रभावकारी हुनेमा जोड दिए।






# सुखीपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

सुखीपुर, सिराहा
प्रदेश नं. २, नेपाल

## पोखरी तथा गुदरी बजार ठेक्का बन्दोबस्ती सम्वन्धी सुचना

**तेस्रो पटक प्रकाशित मिति :- २०७५/०३/२४)**

यस नगरपालिकाको क्षेत्राधिकारभित्र रहेका देहाय बमोजिमका न.पा.का आफ्नै नाममा रहेका, सर्वाजनिक, ऐलानी तथा मिन्हे कठघरा, सटर, घर, जग्गा, पशुहाट, पोखरी र गुदरी बजारहरु जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा नै ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिहरुबाट निम्न शर्तहरुको अधिनमा रही बोलपत्र आह्वान गरिएको छ :-

**शर्तहरू :-**

१. बोलपत्र फाराम यो सुचना तोस्रो पटक प्रकाशित मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र रु. १०००।- (फिर्ता नहुने गरी) तिरी नागरिकताको प्रतिलिपी साथ निवेदन दिई यस कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालय, सिरहाबाट खरिद गर्न सकिनेछ।

२. खरिद भएको बोलपत्र प्रष्टसँग भरी प्रत्येक पानामा सहीछाप गरी सिलबन्दी गरेर खाम बाहिर नाम, ठेगना र ठेक्का लिन चाहेको कठघरा, सटर, घर, जग्गा, पशुहाट, पोखरी र गुदरी बजारको नाम प्रष्टसँग लेखी १६ औं दिनको १२ बजेभित्रमा यस कार्यालयमा दर्ता गराउनु पर्नेछ। दर्ता भएको बोलपत्र सोही दिनको २ बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा यसै कार्यालयमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

३. बोलपत्रदाताले बोलपत्रसाथ नेपाली नागरिक भए कबोल अङ्कको ५ प्रतिशत र विदेशी नागरिक भए १० प्रतिशतले हुन आउने रकम यस कार्यालयको रा.वा.बैंक सिरहामा रहेको धरौटी **खाता नं. २१३०३०३००७१०६ (कोड नं. १६-३६५-३० )** मा जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त बैंकबाट बोलपत्र खोलिने मितिले ७५ दिनको मान्य अवधि रहने गरी जारी भएको बैंक जमानत (बैंक ग्यारेण्टी) पेश गर्नु पर्नेछ।

४. समयभित्र प्राप्त नभएको, रीत नपुगेको, सुचनाको शर्त विपरित भएको बोलपत्रमाथि कारबाही हुने छैन। केरमेट भएको खण्डमा सम्वन्धित बोलपत्रदाताको सहीछाप भएको हुनुपर्नेछ।

५. बोलपत्र भर्दा स्पष्ट रुपमा अक्षर र अंकमा उल्लेख गर्नुपर्नेछ। अक्षर र अंक फरक पर्न आएमा अक्षरलाई मान्यता दिइनेछ।

६. बोलपत्र दर्ता गर्ने अन्तिम दिन वा खोलिने दिन सार्वजनिक विदा पर्न गएमा सो को लगत्तै भोलिपल्ट कार्यालय खुलेको दिन तोकिएको कार्यालय र समयमा बोलपत्र दर्ता र खोल्ने कार्य हुनेछ।

७. बोलपत्र खरिद वा दर्ता गर्ने बोलपत्रदाताले कठघरा, सटर, घर, जग्गा, पशुहाट, पोखरी तथा गुदरी बजारको सम्बन्धमा राम्ररी बुझी बोलपत्र भरेको मानिनेछ।

८. नेपाल सरकारको हितलाई ध्यानमा राखी कुनै पनि कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहनेछ।

९. नगरपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता नबुझाएको तथा नगरपालिकाको पेश्की बाँकी रकमी वा नगद जिन्सी बुझाउन बाँकी रहेको व्यक्तिको बोलपत्र मान्य हुने छैन। कारणबश ठेक्का स्वीकृत भएपनि पछि उल्लेखित विवरण जानकारी हुन आएमा ठेक्का वदर गरी धरौटी लगायत बुझाएको रकम समेत जफत गरिनेछ।

१०. बोलपत्र स्वीकृत भएपछि त्यस्तो बोलपत्रदाताले नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकको स्वीकृत ठेक अंकको कम्तीमा छ महिनाको म्याद भएको कार्यसम्पादन जमानत वा नगदै रकम दिएपछि मात्र कबुलियत गराई चलानी पुर्जी दिइनेछ।

११. ठेक्का स्वीकृत भएपछि बढीमा ३ किस्तामा रकम बुझाउनु पर्नेछ। सबै रकम एकमुष्ठ पहिलो किस्ता बुझाउने समयमा नै बुझाएमा १० प्रतिशत छुट दिइनेछ तर किस्तामा बुझाउँदा छुट दिइने छैन।

१२. बोलपत्रदाताको अधिकतम कबोल अङ्क वराबर भएमा सोही अङ्कलाई न्युनतम कबोल अङ्क मानी ३ दिनभित्र अर्को बोलपत्र निजहरुबाट मात्रै आह्वान गरिनेछ।

१३. यस सुचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

१४. यससम्वन्धी अन्य कुराहरु बुझ्नु परेमा कार्यालयमा आफैं आई वा फोन नं. **०३३-४१३००४** मा फोन गरी बुझ्न सकिनेछ।

१५. कठघरा, सटर, घर, जग्गा, पशुहाट, पोखरी तथा गुदरी बजारहरुको विवरण निम्न अनुसारको छ :-

| सि.नं. | विवरण | पोखरी/ गुदरी बजारको नाम | ठेगाना | कित्ता नं. | क्षेत्रफल | न्युनतम निर्धारित अङ्क | ठेक्का अवधि |
|---|---|---|---|---|---|---|---|
| १. | गुदरी बजार | सुखीपुर ग्रामीण गुदरी बजार | वडा नं. ८ | | | २५००००।- | १ वर्षे |
| २. | गुदरी बजार | छजना गुदरी बजार | वडा नं. २ | | | ७५०००।- | १ वर्षे |
| ३. | गुदरी बजार | लड्कन्हा गुदरी बजार | वडा नं. ५ | | | ८१०००।- | १ वर्षे |
| ४. | गुदरी बजार | सिलोर्वा चौक, कविलासी गुदरी बजार | वडा नं. ४ | | | ११०००।- | १ वर्षे |
| ५. | गुदरी बजार | दहीपौडी गुदरी बजार | वडा नं. १० | | | ५५०००।- | १ वर्षे |
| ६. | गुदरी बजार | सलमपुर गुदरी बजार | वडा नं. ३ | | | ३१५००।- | १ वर्षे |
| ७. | गुदरी बजार | बल्ही गुदरी बजार | वडा नं. ७ | | | २५०००।- | १ वर्षे |
| ८. | कठघरा | न.पा.को क्षेत्राधिकारभित्रका सम्पूर्ण कठघराहरु (प्रति कठघरा) | | | | ६०००।- | १ वर्षे |
| ९. | पक्की कोठा | ग्रामीण बजार सुखीपुरको ७ कोठे भवनका कर्नरका कोठाहरु (प्रति कोठा) | वडा नं. ८ | | | ४८०००।- | २ वर्षे |
| १०. | पक्की कोठा | ग्रामीण बजार सुखीपुरको ७ कोठे भवनका बजारमुखे कोठा (पश्चिमतर्फ फर्केका, प्रति कोठा) | वडा नं. ८ | | | २४०००।- | २ वर्षे |
| ११. | पक्की कोठा | ग्रामीण बजार सुखीपुरको ७ कोठे भवनका अन्य कोठा (मुख्य बाटो उत्तरतर्फका, प्रति कोठा) | वडा नं. ८ | | | ३६०००।- | २ वर्षे |
| १२. | पक्की कोठा | दहीपौडीको १० कोठे पक्की भवनका कोठाहरु (प्रति कोठा) | वडा नं. १० | | | ३६०००।- | २ वर्षे |
| १३. | फुस तथा अर्धपक्की घर, जस्ताको छाना भएको पक्की घर,सटर नभएका पक्की घर | फुस तथा अर्धपक्की घर, जस्ताको छाना भएको पक्की घर,सटर नभएका पक्की घर (प्रति कोठा) | | | | ३६०००।- | २ वर्षे |
| १४. | जग्गा | न.पा.को स्वामितवमा रहेका जग्गाहरु (प्रति कठ्ठा) | | | | १२०००।- (कृषि कार्यको लागि भए-१०००) | १ वर्षे |
| १५. | पोखरी | साविक गा.वि.स.सिलोर्वा पछवारीको वडा नं. ४ मा रहेको पोखरी मखना खत्ता | वडा नं. ५ | ६ | ०-५-४ | ३३०००१।- | ३ वर्षे |
| १६. | पोखरी | साविक गा.वि.स.सिलोर्वा पछवारीको वडा नं. ७ मा रहेको पोखरी | वडा नं. ५ | ७० | ०-११-१० | ३३५५०१।- | ३ वर्षे |
| १७. | पोखरी | साविक गा.वि.स.सिलोर्वा पछवारीको वडा नं. १ मा रहेको पोखरी | वडा नं. ५ | २०६ | ०-१२-६ | २४७५०१।- | ३ वर्षे |
| १८. | पोखरी | साविक गा.वि.स.सिलोर्वा पछवारीको वडा नं. २ मा रहेको दुर्गा मंदिर पोखरी | वडा नं. ५ | ८ | ०-११-१६ | ८७४५०१।- | ३ वर्षे |
| १९. | पोखरी | साविक गा.वि.स.सिलोर्वा पछवारीको वडा नं. १ मा रहेको पोखरी | वडा नं. ५ | १८० | १-३-० | ५९४००१।- | ३ वर्षे |
| २०. | पोखरी | साविक गा.वि.स.सिलोर्वा पछवारीको वडा नं. २ मा रहेको पोखरी | वडा नं. ५ | ३३८ | ०-६-० | १५४००१।- | ३ वर्षे |
| २१. | पोखरी | साविक गा.वि.स.सिलोर्वा पछवारीको वडा नं. ६ मा रहेको पोखरी | वडा नं. ५ | ४ | ०-१०-२ | ७१५००१।- | ३ वर्षे |
| २२. | पोखरी | साविक गा.वि.स.सिलोर्वा पछवारीको वडा नं. २ मा रहेको थान पोखरी | वडा नं. ५ | १८४ | ०-१५-० | ६,२७,००१।- | ३ वर्षे |
| २३. | पोखरी | साविक गा.वि.स. कविलासीको वडा नं. ६ मा रहेको पोखरी | वडा नं. ४ | ७ | ०-१२-१ | २,२०,००१।- | ३ वर्षे |
| २४. | पोखरी | साविक गा.वि.स. कविलासीको वडा नं. १ मा रहेको पोखरी | वडा नं. ४ | २५, अर्धतुल | ०-४-६ | ३८५००१।- | ३ वर्षे |
| २५. | पोखरी | साविक गा.वि.स. कविलासीको वडा नं. ५ मा रहेको पोखरी | वडा नं. ४ | १८२ | ०-१३-१३ | ७१५०१।- | ३ वर्षे |

-बाँकी अन्तिम पेजमा

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २६. | पोखरी | साविक गा.वि.स. कविलासीको वडा नं. २ मा रहेको पोखरी | वडा नं. ४ | अर्ध १४, तुल १७ | ०-११-१८ | १५,००० ।- | ३ वर्षे |
| २७. | पोखरी | साविक गा.वि.स. कविलासीको वडा नं. ३ मा रहेको पोखरी | वडा नं. ४ | अर्ध १५ तुल १५ | ०-११-१५ | २५०००।- | ३ वष |
| २८. | पोखरी | साविक गा.वि.स. कविलासीको वडा नं. ३ मा रहेको पोखरी | वडा नं. ४ | १०६ | ०-५-६ | १५०००।- | ३ वर्षे |
| २९. | पोखरी | दुर्गा मन्दिर छेउको पोखरी | वडा नं. १ | | | ५१,०००।- | ३ वर्षे |
| ३०. | पोखरी | हरिनारायण चौधरीको घर छेउको पोखरी | वडा नं. १ | | | २५०००।- | ३ वर्षे |
| ३१. | पोखरी | धनिलाल साहुको पोखरी छेउको पोखरी | वडा नं. १ | | | २५०००।- | ३ वर्षे |
| ३२. | पोखरी | उत्तमलाल यादवको घर छेउमा रहेको कमल पोखरी | वडा नं. १ | | | २१,०००।- | ३ वर्षे |
| ३३. | पोखरी | मधुपुर पोखरी | वडा नं. ९ | | | ७७,००१।- | ३ वर्षे |
| ३४. | पोखरी | वबी पोखरी | वडा नं. ९ | | | १,२१,०००।- | ३ वर्षे |
| ३५. | पोखरी | साविक गा.वि.स. विद्यानगरको वडा नं. ४ मा रहेका थलाहा पोखरी | वडा नं. २ | | | ५१,०००।- | ३ वर्षे |
| ३६. | पोखरी | विधानगरमा रहेको सिकिया पोखरी | वडा नं. २ | | | १,११,१००।- | ३ वर्षे |
| ३७. | पोखरी | विद्यानगरमा रहेको खोरिया पोखरी | वडा नं. २ | | | ५१,०००।- | ३ वर्षे |
| ३८. | पोखरी | कुशहा लक्ष्मीनियाँमा विसो घरको छेउमा रहेको पोखरी | वडा नं. ३ | | | २१,०००।- | ३ वर्षे |
| ३९. | पोखरी | शिवनगर डिहवार थान डवरा | वडा नं. १ | | | १०,००० ।- | ३ वर्षे |
| ४०. | पोखरी | सिलोर्वा पछवारी हनुमानगनगर जयभुवन घरको छेउमा | वडा नं. ५ | ३३९ | १-१०-० | १२,११,१०१ ।- | ३ वर्षे |
| ४१. | पोखरी | सिलोर्वा पछवारी , खरहीटोल | वडा नं. ६ | १० | ०-१०-४ | ७५,०००।- | ३ वर्षे |
| ४२. | पोखरी | सुखीपुर | वडा नं. ८ | | ०-१७-० | १,७१,००१।- | ३ वर्षे |
| ४३. | पोखरी | सुखीपुर | वडा नं.१० | २९२ | ०-१४-० | ३,००,५०१।- | ३ वर्षे |
| ४४. | पोखरी | सुखीपुर | वडा नं.१० | १४३ | १-०-० | | |
| ४५. | पोखरी | बरहरी | वडा नं.६ | १७५ | ०-१८-० | २,०३०००।- | ३ वर्षे. |
| ४६. | पोखरी | लटाटोल मखान पोखरी | वडा नं. ६ | | १-१०-० | | |
| ४७. | पोखरी | सहजा पोखरी | वडा नं. ५ | | | ७,००१।- | ३ वर्षे |
| ४८. | पोखरी | डोमा घर नजिक मैटखुन्मा | वडा नं. ५ | | | २१००।- | ३ वर्षे |

## डा. केसीका माग पूरा गर्न सरकारलाई चिकित्सक संघको ७२ घण्टे अल्टिमेटम

जुम्ला, २३ असार । डाक्टर गोविन्द केसीको :वा:थ्य अव:था बुझ्नको लागि नेपाल चिकित्सक संघको एक टोली शनिबार जुम्लामा आएको छ । अनशनरत डा केसीको :वा:थ्य बिग्रदै गएको भन्दै :वा:थ्यकर्मीहरु शुक्रबार देखि आन्दोलनमा उत्रिएको नेपाल चिकित्सक संघका केन्द्रीय उपाध्यक्ष डाक्टर ठण्डी पौडेलले बताए । हातमा कालो पट्टी बाँधेर शुक्रबारदेखि काम गर्न सुरु गरेकोले ७२ घण्टा भित्र सरकारले डाक्टर केसीको मागलाई सम्बोधन नगरे सडकमा उत्रने संघले चेतावनी दिएको छ।

नेपाल चिकित्सक संघका वरिष्ठ उपाध्यक्ष पौडेल र कोषाध्यक्ष डाक्टर प्रकाश बुढाथोकी जुम्लामा आएका हुन्। शनिबार पत्रकारहरूसँग कुरा गर्दै उनीहरूले डा केसीको :वा:थ्य अव:था नाजुक बन्दै गएको तर डा केसी काठमाडौं जान नमानेकाले सम:या झन बल्झिन सक्ने बताए । डा केसीले सरकारले आफ्ना माग पूरा नगरे अन्तिम श्वास रहुञ्जेल अनशन जारी राख्ने बताएका छन्।

आफ्नो अनशन कर्णालीमै समाप्त हुने पनि डा गोविन्द केसीको अडान छ । कालिकोटका जनप्रतिनिधिले पनि डा केसीको मागलाई समर्थन गरेर अगाडि बढ्ने बताएका छन्। शनिबार उनको :वा:थ्यको विषयमा जानकारी लिन जुम्ला आएका कालिकोटका :थानीय तहका युवा, शिक्षक, :वा:थ्यकर्मी, महिला तथा नागरिक समाजका अगुवाहरूले आन्दोलनमा समर्थन गरेर एक्यबद्धता जनाएको तिलागुफा गाउँपालिका-५ का अध्यक्ष टीकाराम न्यौपानेले बताए । डा केसीको जीवनमा तल माथी केही भएमा आन्दोलनलाई अगाडि बढाउन कुनै कसर बाँकी नराख्ने उनले जिकिर गरे।

## पुल उच्च जोखिममा भएपछि ठूलो सवारीसाधनमा रोक

महोत्तरी, २३ असार । महोत्तरीको औरही र गौशाला नगरपालिकाको सीमामा पर्ने जंघानदीको पुल उच्च जोखिममा भएपछि ठूलो सवारीसाधन आवागमनमा रोक लगाइएको छ।

गतसाता नदीमा आएको भीषण बाढीले पुलको पूर्वीखण्डको दायाँबायाँ छेउको माटो कटान गरिएपछि पुलबाट सवारीसाधन चलाउन मा रोक लगाइएको हो।

सो पुलको १ नं पिलरको अवस्था कमजोर भएपछि ठूलो सवारीसधान पूर्णरुपमा रोक लगाएको इलाका प्रहरी कार्यालय गौशालाले जनाएको छ । पुलबाट टेम्पो, जीप लगायतका स-साना सवारीसधान चलाउनको लागि अनुमति दिएको तर ठूलो सवारीसाधनलाई खोलाबाट डाइभर्सन बनाएर ओहोरदोहोर गराउँदै आएको छ।

त्यस्तै नदीमा पानी आएको खण्डमा औरहीबाट गौशालातर्फ आउने ठूलो सवारीसाधन बर्दिवास भएर आउने वातावरण मिलाइएको छ।

एक सय ४९ मिटर लम्बाइ रहेको सो पुलबाट बर्दिवास जलेश्वर, सडकखण्डको साथै सर्लाहीको मलंगवासम्म जानको लागि सहज हुने भएकाले अधिकांशको लागि यो सडकखण्ड नै पहिलो रोजाइमापर्ने गरेको छ।

## ट्र्याक्टरमा चेपिएर चालकको मृत्यु

गौशाला, २३ असार । महोत्तरी जिल्लाको मनरासिस्वा नगर पालिका मा गए राति आफैंले चलाएको ट्र्याक्टरमा चेपिएर ट्र्याक्टर चालकको मृत्यु भएको छ।

मृत्यु हुनेमा मनरासिस्वाँ नगरपालिका-७ बस्ने सत्य नारायण मण्डलका छोरा ट्र्याक्टर चालक मनोज रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी उपरीक्षक कुबेर कडायतले बताए। गए राति ८:३० बजे मनरासिस्वाँ-६ बस्ने विनोद साहको ज१त ४३२८ नंको ट्र्याक्टरले खेत जोतेर घर फर्किरहेका अवस्थामा मनरासिस्वाँ-६ मै पर्ने वनमा ट्र्याक्टर अचानक अनियन्त्रित भई पल्टिँदा ट्र्याक्टर चलाउने चालक मण्डलको सोही ट्र्याक्टरमा चेपिएर गम्भीर घाइते भएका थिए।

गम्भीर घाइते चालक लाई उपचारका लागि जिल्ला अस्पताल जलेश्वर मा ल्याई प्राथमिक उपचार पछि थप उपचारका लागि अञ्चल अस्पताल जनकपुर लगिएकामा उपचारकै क्रममा राति नै मृत्यु भएको प्रहरी उपरीक्षक कडायतले बताए।




गुप्ता ब्रदर्श, मिर्चैया
फोन नं.: ०३३-५५०७४४
माँ धमिनी अटो ट्रेड, गोलबजार
मो. ९८१५७०७७७५, ९८१६७६५६००
स्नेहा अटो, सिरहा
मो. ९८०१५५२८१५, ९८०४७०२६४६



प्रो. शत्रुधन महासेठ
सीता महेश ट्रेडस
रामनगर मिर्चैया, कटारी चौक सिरहा, फोन नं. ०३३५५०८०३


मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **प्रवन्धक** : रामबाबु यादव, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : राम करण दास**
**कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ website : www.marganugami.com, *e-mail : marganugamidaily@gmail.com* **मुद्रक** : यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)